त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# काँकरभिट्टा बहुमुखी क्याम्पस

स्था : २०५५

# बौद्धिक चोरी (भावहरण) सम्बन्धी नीति तथा कार्यविधि-२०८१

मेचीनगर नगरपालिका वार्ड नं.६,
काँकरभिट्टा (झापा)
कोशी प्रदेश

# काँकरभिट्टा बहुमुखी क्याम्पसको

## बौद्धिक चोरी (भावहरण) सम्बन्धी नीति तथा कार्यविधि-२०८१

**१.प्रस्तावना :** यस क्याम्पसको विभिन्न शैक्षिक, प्रशासनिक, भौतिक तथा आर्थिक गतिविधिको बारेमा समय समयमा सरोकारवाला बिचमा जानकारी गराई वा सूचना प्रवाह गरी सम्बन्धित विषयमा आवश्यक प्रतिक्रिया, सुझाव र परामर्श लिई सोको निर्णय प्रकृयामा प्रभावकारी रुपले कार्यान्वयन गर्न क्याम्पसको विधान २०८० को बुँदा ७९ ले दिएको अधिकार प्रयोग गरी एक बौद्धिक चोरी (भावहरण) सम्बन्धी नीति तथा कार्यविधि-२०८१ को व्यवस्था गरिएको छ ।

**२. नाम र प्रारम्भ :**

२.१ यो नीति तथा कार्यविधिको नाम "काँकरभिट्टा बहुमुखी क्याम्पसको बौद्धिक चोरी ( भावहरण) सम्बन्धी नीति तथा कार्यविधि २०८१" रहने छ ।

२.२ यो नीति तथा कार्यविधि सञ्चालक समितिले निर्णय गरेको मितिबाट लागू हुने छ ।

**३. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीति तथा कार्यविधिमा :

३.१ "क्याम्पस" भन्नाले काँकरभिट्टा बहुमुखी क्याम्पसलाई सम्झनुपर्ने छ ।

३.२ "सञ्चालक समिति" भन्नाले क्याम्पसको सञ्चालक समिति भन्ने सम्झनुपर्ने छ ।

३.३ "बौद्धिक चोरी (भावहरण) नियन्त्रण विभाग" भन्नाले क्याम्पसको अनुसन्धान व्यवस्थापन समिति (आर.एम.सी.) लाई सम्झनुपर्ने छ ।

३.४ "क्याम्पस प्रमुख" भन्नाले क्याम्पसको प्रशासन प्रमुख भन्ने सम्झनुपर्ने छ ।

**४. उद्देश्य :**

४.१. यस क्याम्पसबाट प्रकाशित हुने हरेक प्रकाशनहरु गुणस्तरीय बनाउने ।

४.२. क्याम्पसले बौद्धिक चोरी (भावहरण) हुनुहुन्न भन्ने कुरामा स्पष्ट अडान लिने ।

४.३. विश्व विद्यालयले प्राप्त गर्न खोजेको बौद्धिक इमान्दारीलाई बल पुर्‍याउने ।

४.४. बौद्धिक चोरी (भावहरण) भएको अवस्थामा सजायको व्यवस्था गर्ने ।

**५. क्षेत्र :**

यो नीति तथा कार्यविधि यस क्याम्पसका सबै शिक्षक, विद्यार्थी, कर्मचारी एवम् सरोकार राख्ने सबैको लागि कार्यान्वन हुने छ ।

**६ क्षमता अभिवृद्धि कार्यक्रम :**

६.१ शिक्षकहरुका लागि तालिमको व्यवस्था :

शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि जर्नल लेखन सम्बन्धी तालिम र बौद्धिक चोरी वा भावहरण सम्बन्धी विश्व विद्यालयका नीति तथा सफ्टवेयर सम्बन्धी जानकारी वा

तालिम ।

६.२ विद्यार्थीको निम्ति परिचयात्मक कार्यक्रम :

व्यावसायिक लेखन तथा बौद्धिक चोरी सम्बन्धी परिचयात्मक तालिम ।

७. **सजाय :**

७.१ क्याम्पसबाट प्रकाशन हुने सबै प्रकारका लेखहरुमा यदि कहीं कसैबाट बौद्धिक चोरी भएका तथ्यहरु खुल्न आएमा सजायको व्यवस्था गरिएको छ ।

७.२ बौद्धिक चोरी भएको तथ्य प्रमाणित भएमा लेख स्वीकृत गरिने छैन ।

८. **व्याख्या गर्ने अधिकार :** यो नीति तथा कार्यविधिको व्याख्या गर्ने अधिकार अनुसन्धान व्यवस्थापन समिति (आर.एम.सी.) मा निहित रहने छ ।

९. **संशोधन :** यो नीति तथा कार्यविधिको कुनै पनि बुँदामा संशोधन, खारेज वा थप गर्ने अधिकार सञ्चालक समितिमा सुरक्षित रहने छ । यसरी संशोधन गराइएको बुँदाको जानकारी क्याम्पस सभामा गराइने छ ।

१०. **बचाउ :** यो नीति तथा कार्यविधि जारी हुनुपूर्व क्याम्पसको कुनै पनि नीति तथा कार्यविधि जारी गएिको भए, भए गरेका सम्पूर्ण कार्यहरू यसै नीति तथा कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

**॥ समाप्त ॥**

काँकरभिट्टा बहुमुखी क्याम्पस मेचीनगर-६ Kakarvitta Multiple Campus Mechinagar-6